## मिति २०७६।०३।०८ गते बसेको ५३औ कार्यापालिका बैठकको निर्णय प्रतिलिप

### निर्णय नं १

सुन्दरबजार नगरपालिकाको पाँचौ नगर सभा मिति २०७६।०३।१० गते दिनको २ बजे लमजुङ कृषि क्याम्पसको सभा हलमा बस्ने निर्णय गरियो ।

### निर्णय नं २

कृषि विकास शाखा बाट सम्झौता भई विविध कारणले कार्यान्वयनमा जान नसकेका योजनाहरू कृषि विकास शाखा बाट आजको बैठकमा पेश भई छलफल भयो । उक्त योजनाहरूको लागत ईष्टिमेट गरेर नयाँ सम्झौता गरी कार्यान्वयन तथा फरफारक गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

यस सुन्दरबजार नगरपालिका कार्यालयमा आर्थिक सहयोगको लागि विभिन्न निवेदन माग भई आएको र उक्त शीर्षकमा विनियोजन भएको रकम खर्च भईसकेको भन्ने ब्यहोरा लेखा शाखा बाट पेश भयो। सो सम्बन्धमा यस नगरपालिकाको कर्मचारी तलब भत्ता शीर्षकमा बाँकी रहेको रकम बाट रू २०००००। दुई लाख छुट्याउने निर्णय गरियो ।

### निर्णय नं ४

यस नगर कार्यपालिकाको मिति २०७६।२।१४ को निर्णय नं ८ मा ईलाका प्रहरी कार्यालयको मर्मतको लागि स्थलगत अनुगमन गरि प्राविधिक मूल्याङ्कनको आधारमा उचित ठहर गरेको रकम आर्थिक सहयोग वापत उपलब्ध गराउने निर्णय भएकोमा आर्थिक सहयोग शीर्षक बाट भुक्तानी दिन रकम अपुग भएकोले कर्मचारी तलब भत्ता शीर्षकमा बाँकी रहेको रकम बाट प्रहरी कार्यालय बाट माग भए बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

### निर्णय नं ५

वडा नं ८ को चोरकुलो कटरबोटे सडक बाटोको लागि वडा नं ८ को वडा समितिको बैठक बाट विनियोजन गरेकों रकम रू ३५०००।०० (पैतिस हजार) को योजना सम्झौता गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

### निर्णय नं ६

यस नगर कार्यपालिकाको मिति २०७६।२।१४ को निर्णय नं ८ मा सुन्दरबजार नगरपालिका वडा नं ७ को संकल्प आमा समुहको भवनको लागि विनियोजन गरेको रकम रू ४०००००।०० (अक्षेरूपी चार लाख) हुनु पर्नेमा रू ४००००।०० (अक्षेरूपी चालिस हजार) भएको हुँदा पुँजिगत खर्चको मिल्दो जुल्दो शीर्षक बाट भुक्तान गर्ने गरी रू ४०००००।०० (अक्षेरूपी चार लाख) नै कायम गर्ने निर्णय गरियो ।

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

प्रतिलिपि

२०७६/०३/०८

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ७

यस सुन्दरबजार नगरपालिका अन्तर्गत आ.ब.०७५।०७६मा सम्झौता भई ठुला र साना योजनाहरू कार्यान्वयनमा रहेका र विभिन्न योजनाहरूको विविध कारण देखाउँदै समयमा सम्पन्न हुन नसकेकोंले म्याद थपकों लागि निबेदन माग भई आएको सन्दर्भमा छलफल हुँदा नगरपालिका क्षेत्र भित्र कार्यान्वयनमा रहेका सम्पूर्ण योजनाहरूकों कार्यसम्पादन गरेर फरफारक गर्ने गरी मिति २०७६ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ८

News 24 टेलिभिजन र यस नगरपालिका कार्यालय बिच बालबालिका सँग मेयर भन्ने कार्यक्रमको मिति २०७६।०२।२९ गते भएको सम्झौता बमोजिमको रकम मिल्दो शीर्षकबाट भुक्तानि दिने निर्णय गरियो।

निर्णय नं ९

यस नगर कार्यपालिकाको मिति २०७६।२।१४ को निर्णय नं १(ङ) मा उल्लेख भएका प्रधानमन्त्री रोजगार कार्यक्रमको देहाय बमोजिम योजना परिवर्तन गर्ने निर्णय गरियो ।

देहाय

| वडा नं. | भएको | परिवर्तन भएको योजना |
|---|---|---|
| ५ | पाउदी खोला तटवन्धन/ कुलो मर्मत | थाक्ले – घुमाउने तथा थाक्ले कर्मेरे सडक मर्मत तथा नाला निर्माण |
| ६ | ढाडखोला तटवन्धन, फेदीकुना | नियोटे देखी ढाँडफेदी कच्ची नाला निर्माण |
| ७ | रमाइलो मर्स्याङदी पर्यटन केन्द्रमा खानेपानी व्यवस्थापन | बडहरे हुँदै पाखाटार कच्ची नाला निर्माण |

निर्णय नं १०

सुन्दरबजार अस्पतालमा सेवा करारमा रहेका देहायका कर्मचारीहरूको २०७५ माघ १ देखी २०७६ असार मसान्त सम्म करार सम्झौता गरी २०७५ साउन १ गतेदेखी २०७६ असार मसान्त सम्मको करार सम्झौतामा उल्लेख भएको शर्त बमोजिमको पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो ।

देहाय

क) फार्मेसी सहायक श्री निराजन गुरूङ

ख) कार्यालय सहयोगी श्री सुनिता मिश्र

सुन्दरबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुन्दरबजार, लमजुङ गण्डकी प्रदेश, नेपाल

प्रतिलिपि

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ११

यस नगरपालिका वडा नं. ६ स्थित सयपत्री आ.मा.वि. लाई रू १०००००।०० (अक्षेरूपी एक लाख) मा राष्ट्रपति रनिङ कप प्रतियोगिता संचालन गर्न जिम्मा दिइएकोमा उक्त रकम अपुग भई थप रू ९६०००।०० (अक्षेरूपी छयानब्बे हजार) माग भएको हुँदा मिल्दो शीर्षकबाट माग भए बमोजिमको रकम भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं १२

यस नगरपालिका वडा नं ८ रामदी खेल मैदान पैरो नियन्त्रण गर्न विपद व्यवस्थापन शीर्षकबाट रू १०००००।०० (अक्षेरूपी एक लाख रूपैया) विनियोजन गरी योजना सम्झौता प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

निर्णय नं १३

यस नगरपालिकाको मिति २०७५।१२।१३ को निर्णय नं. १२ बाँकी रकम बाँडफाँड शीर्षकको क्रम संख्या नं. ६ मा एकीकृत स्वास्थ्य केन्द्र भोटेओडार ल्याव/फार्मेसी तथा अन्य पूर्वाधार भनी रकम विनियोजन भएकोमा उक्त रकमलाई एकीकृत स्वास्थ केन्द्रको लागि औषधि, कम्प्युटर र सफ्टवेर खरिद शीर्षकमा रूपान्तरण गर्ने निर्णय गरियो ।

प्रतिलिपि

२०७६।०२।०८

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत